**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा । ०७७ वैशाख २१ गते**

प्रदेश २ अन्तर्गत पर्सा जिल्लामा थप एक जना व्यक्तिमा कोरोना भाइरस (कोभिड- १९) सङ्क्रमण पुष्टि भएको छ । पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-३ छपकैयाका एक ३६ वर्षीय युवकमा वैशाख २१ गते कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको हो । उनको स्वाब परीक्षण काठमाडौँ स्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको थियो । रिपोर्ट पोजेटिभ आएसँगै उनलाई नारायणी अस्पतालको आइसोलेशन वार्डमा राखेर उपचार सुरु गरिएको छ भने उनी बसोबास गर्ने क्षेत्र शिल गरी कन्ट्र्याक्ट ट्रेसिङ गर्ने कार्य सुरु गरिएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले बताउनु भयो ।

यस प्रदेशमा उपचारपछि डिस्चार्ज गरिएका रौतहट जिल्ला इशनाथ नगरपालिका-८ का १९ वर्षीय युवकको स्वास्थ्यमा समस्या देखिएको र सामान्य लक्षण कोरोनासँग मिल्न गएको हुँदा पुनः नारायणी अस्पतालको आइसोलेशन कक्षमा भर्ना गरिएको छ । ती युवकको स्वाब सङ्कलन कार्य भइसके तापनि रिपोर्ट नआएको हुँदा कोरोना सङ्क्रमण भएको भन्न सकिने अवस्था देखिदैन । तर, कतिपय सञ्चार माध्यमहरूमा ती युवालाई पुनः कोरोना दोहोरिएको भन्ने सम्माचार आइरहेकोले बास्तविकतालाई मात्र उजागर गर्न सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले आग्रह गर्नु भएको छ ।

रौतहटका १९ वर्षीय युवकसँगै डिस्चार्ज भएका ५५ वर्षीय भारतीय नागरिकको स्वास्थ्यमा समेत सामान्य समस्या देखिएपछि उनलाई पनि नारायणी अस्पतालको आइसोलेशन कक्षमा राखिएको उहाँले बताउनु भयो ।

प्रदेशमा वैशाख २१ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार ४ सय ३३ जनाको स्वाब सङ्कलन गरिएकोमा २ हजार १ सय ३ जनाको रिपोर्ट आएको छ । जसमा २ हजार ९० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १३ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले जानकारी दिनु भयो । ३ सय ३० जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

त्यसैगरी, वैशाख २१ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार २ सय ५० जनाको गरिएकोमा ५ हजार २ सय ४० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

प्रदेशमा क्वारेन्टाइन सङ्ख्या १ सय ७५ रहेकोमा ४ हजार २४ क्वारेन्टाइन बेड रहेको छ । वैशाख २१ गतेसम्म १ हजार २ सय ९५ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार ४ सय ८४ जना होमक्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका २९ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय ७४ रहेको छ।

स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश २ स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य कार्यालय सप्तरीलाई प्राप्त ८ सय आरडिटी किट सकिएको निमित्त प्रमुख दुनियालाल यादवले जानकारी दिनु भयो । रोग नियन्त्रण महाशाखाबाट प्राथमिक स्वास्थ्य केन्द्र कञ्चनरूपमा दुई पटक गरी प्राप्त १ सय २० ओटा आरडिटी किट सकिएको कञ्चनरूप नगरपालिका स्वास्थ्य शाखाका सिनियर अहेव अधिकृत डम्बरप्रसाद गुप्ताले बताउनु भयो । राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताललाई आएको १ सय ८० किटमध्ये १ सय ६० ओटा किटको प्रयोग भइसकेको छ । अस्पतालका ल्याब असिस्टेन्ट कृष्णचन्द्र मिश्रका अनुसार महाशाखाबाट दुई पटक गरी आएको १ सय ८० किटमध्ये दुई ओटा नोक्सान हुँदा बाँकी १८ ओटा मात्र मौज्दात रहेको छ । गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल राजविराजमा स्वाब सङ्कलन गर्ने भिटिएम ३० ओटा मात्र मौज्दात रहेको अस्पतालले जनाएको छ । कोरोना भाइरस (कोभिड-१९) का विरामीहरूको उपचारका लागि प्रदेश दुई सरकारले कलैया अस्पताललाई कोरोना विशेष अस्पताल निर्माण गर्ने निर्णयको

विरोधमा संयुक्त स्वास्थ्य युनियनका अध्यक्ष कुरानअली ठकुराई, मधेसी स्वाथ्यकर्मी फोरम नेपाल बाराका अध्यक्ष शशीकान्त कुमार, नेपाल स्वास्थयकर्मी सङ्घ नेपाल बाराका उपाध्यक्ष राजकिशोर यादव र कलैया अस्पताल विकास समिति कर्मचारी युनियनका अध्यक्ष प्रदिप यादवले वैशाख २१ गते संयुक्त विज्ञप्ती जारी गर्नु भयो । विज्ञप्तिमा कलैया अस्पतालमा जिल्लाका विभिन्न ठाँउबाट गरिब असहाय अति विपन्नहरूको उपचार लगायत खोप सेवा, प्रसुति सेवा सञ्चालनमा वाधा अवरोध पुग्ने र कोरोना भाइरसको जोखिम बढ्ने भएकोले कलैया अस्तालमा कोरोना विशेष अस्पताल निर्माण नगर्नका लागि माग गरिएको छ ।

बाराको कलैया उमनपा-१ कलैया बजारमा वैशाख २१ गते जिल्ला प्रशासन कार्यालय, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), उपभोक्ता मञ्च, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरी कार्यालयको टोलीले उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार बजार अनुगमन निरीक्षण गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भयो । अनुगमन गर्दा कर दाखिला नभएको, व्यवसायको नाम सबैले देख्ने गरी नराखेको ्जिल्ला प्रशासन कार्यालयका निरीक्षण अधिकृत गोपालकुमार केशरीले बताउनु भयो । ग्राहकलाई बिक्री बिल दिन र मुल्य सूचि पसलमा राख्न सुझाव दिएको उहाँले बताउनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार सप्तरीको जोखिमयुक्त स्थानको रूपमा ठहर गरिएको बोदे बर्साइन, कञ्चनरूप र सप्तकोशी नगरपालिकामा स्वाब केन्द्र सञ्चालन गरी लिइएको ३ सय १७ स्वाबको रिपोर्ट नेगेटिभ आएको छ ।

स्वास्थ्य कार्यालय सप्तरीले विज्ञप्ति जारी गरी जोखिमयुक्त ठहरिएका तीन नगरपालिकाबाट सङ्कलन गरिएको ३ सय १७ स्वाबको रिपोर्ट नेगेटिभ आएको र एउटा रिपोर्ट आउन बाँकी रहेको जनाएको छ । वैशाख २१ गते थप ८१ जनाको स्वाबको पीसीआर रिपोर्ट नेगेटिभ आउँदा नेगेटिभ रिपोर्ट आएको सङ्ख्या ३ सय १७ पुगेको जनाइएको छ ।

छिमेकी जिल्ला उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्केमा सङ्क्रमित पुष्टि भएका जमातीहरू सप्तरीको बोदे बर्साइन, कञ्चनरूप, सप्तकोशी नगरपालिका हुँदै भुल्के गएको 'ट्राभल हिस्ट्री' अनुसार ती क्षेत्रहरूबाट स्वाब सङ्कलन गरिएको थियो । बोदे बर्साइन नगरपालिकाबाट १ सय ६१ जना, सप्तकोशी नगरपालिकाबाट १ सय १४ जना र कञ्चनरूप नगरपालिकाबाट ४३ जनाको स्वाब सङ्कलन गरी परीक्षणका लागि धरानस्थित बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको थियो ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालले वैशाख २१ गते विज्ञप्ति सार्वजनिक गर्दै अस्पतालबाट हालसम्म पठाइएको मध्ये ४७ जनाको स्वाबको रिपोर्ट नेगेटिभ आएको जनाएको छ । वैशाख २१ गते एक जना र वैशाख २० गते तीन जनाको स्वाब पठाएकोमा पीसीआर रिपोर्ट भने आउन बाँकी रहेको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले जानकारी दिनु भयो ।

त्यसैगरी, सप्तरीमा कोरोना (कोभिड-१९) सङ्क्रमणको परीक्षणका लागि र्‍यापिड डाइग्नोष्टिक टेष्ट ( आरडिटी) किटको अभाव भएको छ ।

ठूलो सङ्ख्यामा जोखिमयुक्त ठहर गरिएको सप्तकोशी, कञ्चनरूप नगरपालिका क्षेत्रलगायत क्वारेन्टाइनमा बस्नेहरूको परीक्षण गरेपछि आरडिटी किट सकिएको स्वास्थ्य कार्यालय, सप्तरीले जनाएको छ ।

स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र प्रदेश २ स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट स्वास्थ्य कार्यालय सप्तरीलाई प्राप्त ८ सय आरडिटी किट सकिएको निमित्त प्रमुख दुनियालाल यादवले जानकारी दिनु भयो ।
रोग नियन्त्रण महाशाखाबाट प्राथमिक स्वास्थ्य केन्द्र कञ्चनरूपमा दुई पटक गरी प्राप्त १ सय २० ओटा आरडिटी किट सकिएको कञ्चनरूप नगरपालिका स्वास्थ्य शाखाका सिनियर अहेव अधिकृत डम्बरप्रसाद गुप्ताले बताउनु भयो । राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताललाई आएको १ सय ८० किटमध्ये १ सय ६० ओटा किटको प्रयोग भइसकेको छ । अस्पतालका ल्याब असिस्टेन्ट कृष्णचन्द्र मिश्रका अनुसार महाशाखाबाट दुई पटक गरी आएको १ सय ८० किटमध्ये दुई ओटा नोक्सान हुँदा बाँकी १८ ओटा मात्र मौज्दात रहेको छ ।
माग अनुसार आरडिटी किट, पीपीई, मास्क, सेनिटाइजर, थर्मल गन आदि आपूर्ति हुन नसक्दा स्वास्थ्य सेवामा समस्या भएको स्वास्थ्य कार्यालयले जनाएको छ । निमित्त प्रमुख यादवले सप्तरीबाट हालसम्म ३ सय ६८ जनाको स्वाब पठाएकोमा ३ सय ६४ जनाको पीसीआर गर्दा रिपोर्ट नेगेटिभ आएको र पाँच जनाको रिपोर्ट आउन बाँकी रहेको बताउनु भयो । गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल राजविराजमा स्वाब सङ्कलन गर्ने भिटिएम ३० ओटा मात्र मौज्दात रहेको अस्पतालले जनाएको छ ।
हाल सप्तरीको विभिन्न क्वारेन्टाइनमा राखिएका ४२ महिलासहित २ सय ४३ जनाको आरडिटी गर्न बाँकी छ । निगरानी अवधि सकिए पछि क्वारेन्टाइनमा बसेकाहरूको र बाहिरबाट आउनेहरूको आरडिटी परीक्षण दैनिक गर्नुपर्ने र कतिपयको फलोअप परीक्षण गर्नु पर्ने भएकाले किटको अभाव भएको भन्दै प्रदेश २ स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रसँग माग गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार बिष्णुपुर गाउँपालिकाले गरीब, दलित तथा विपन्न परिवारहरूको लागि वैशाख २१ गते वडा नं. ३ मा राहत वितरण गरेको छ । बिष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत कमलदेव यादवले ६८ लाख ३२ हजार बराबरको कोरोना राहत कोष स्थापना गर्ने योजना अनुरूप वैशाख २१ वडा नं. ३ मा २ सय ९५ जनालाई राहत वितरण गरेको बताउनु भयो । गाउँपालिकाको पाँच ओटै वडामा १ हजार ५ सय परिवारलाई राहत दिने योजना रहेको र यसै कोषबाट राहत, औषधी लगायतका सामग्रीहरू वितरण गर्ने योजना रहेको बताउनु भयो । राहतमा २५ केजी चामल, दुई केजी दाल, एक केजी चिनी, एक केजी नुन, दुई ओटा साबुन वितरण गरेको यादवले बताउनु भयो ।
त्यसैगरी, लहान नगरपालिका-१३ का १ सय १३ जना सुत्केरी तथा गर्भवती महिलाहरूलाई वैशाख २१ गते राहत वितरण गरिएको छ । ओरेक सिरहाको आर्थिक सहयोग र लहान नगरपालिका- १३ मानव अधिकार संरक्षण केन्द्र सञ्जाल र दलित जनकल्याण यूवा क्लबको समन्वयमा राहत वितरण गरिएको ओरेक सिरहाकी कार्यक्रम अधिकृत देवकुमारी महराले बताउनु भयो ।
राहत वितरण कार्यक्रममा इन्सेकका प्रतिनिधि तथा सञ्जालका संयोजक दुर्गा परियार, वडा अध्यक्ष ईश्वरबहादुर बस्नेत, देवकुमारी महरा लगायत वडा सदस्यहरूको उपस्थितिमा राहत वितरण गरिएको थियो । राहत कोषबाट २ लाख ३० हजार बराबरको चामल २५ केजी, दाल डेढ केजी, चना एक केजी, सर्फ एक केजी, तेल एक लिटर, नून, साबुन तथा कपडा वितरण गरेको महराले बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार लालबन्दीमा अक्सफाम नेपालसँगको साझेदारीमा बागमती सेवा समाज नेपाल हरिवन सर्लाहीद्वारा कोरोना भाइरस (कोबिड-१९) सङ्क्रमण

रोकथामका लागि जिल्ला विपद व्यवस्थापन समिति सर्लाहीद्वारा निर्माण गरिएको उष्ण प्रदेशीय वागवानी क्वारेन्टाइन लालबन्दीलाई स्वास्थ्य तथा स्वच्छता सामग्रीहरू वैशाख २० गते हस्तान्तरण गरिएको वागमती सेवा समाज नेपालका कार्यकारी निर्देशक निरज भण्डारीले जानकारी दिनु भएको छ ।
विपद व्यवस्थापन समिति सर्लाहीका अध्यक्ष एवम् सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीको आतिथ्यतामा क्वारेन्टाइनलाई हेण्ड सेनिटाइजर ५ सय ग्रामको ३० बोतल, हेण्ड सेनीटाइजर १ सय ग्रामको १ सय बोतल, सर्जिकल मास्क ५ सय थान, वासेवल तथा रियुजेवल एप्रोन २० थान, इन्फ्रारेड थर्म्रोमिटर एक थान, एन ९५ मास्क ५० थान, ग्लोब्स ५० थान हस्तान्तरण गरिएको वागमती सेवा समाज नेपालका भण्डारीले जानकारी दिनु भयो ।
वागमती सेवा समाज तथा अक्सफाम नेपालले यस विपदका घडीमा गरेको योगदानको उच्च मुल्याङ्कन गर्दै निरन्तर सहकार्य गर्दै जाने प्रतिबद्धता प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले गर्नु भएको छ । उहाँले सबै स्थानीय निकायहरूले आ-आफ्नो नागरिकलाई राख्न मात्र क्वारेन्टाइन बनाएको र हाम्रो खुल्ला सीमाना भएको कारण सीमानाबाट आवत जावत हुन सक्ने बताउनु हुँदै त्यस्ता नागरिकलाई राख्न कठिन हुनसक्ने भएकोले यसको आवश्यकता महसुस गरेर क्वारेन्टाइन बनाइएको बताउनु भयो ।
स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी विश्वमणी पोखरेल, सशस्त्र प्रहरी कार्यालयका प्रमुख एसपी गंगाराम श्रेष्ठ, नेपाली सेनाका प्रतिनिधि र वागमती सेवा समाजका अध्यक्ष भरत कुमार कार्की, व्यवस्थापन प्रमुख गजेन्द्र साह, कार्यक्रम प्रबन्धक दिवाकर झा लगायतको उपस्थिति रहेको र यसअघि पनि बागमती सेवा समाजले क्वारेन्टाइनलाई विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरेको थियो ।
प्रदेश नं. २ का प्रायः सबै जिल्लाका अस्पतालहरूमा स्वास्थ्य सामग्रीहरू उपलब्ध गराइरहेको वागमती सेवा समाज नेपालका कार्यकारी निर्देशक निरज भण्डारीले जानकारी दिनु भयो । सर्लाही जिल्लाका ११ क्वारेन्टाइनहरू तथा स्वास्थ्य चौकीहरूमा यस्ता स्वास्थ्य सामग्रीहरू उपलब्ध गराउँदै जाने वागमती सेवा समाज नेपालका कार्यकारी निर्देशक भण्डारीले जानकारी दिनु भयो ।
जिल्ला विपद व्यवस्थापन समिति सर्लाहीको मातहातमा रहेको उष्ण प्रदेशीय वागवानी क्वारेन्टाइनमा हाल २२ जना भारतीय नागरिकहरू बसिरहेका छन् भने यसको क्षमता १ सय जनाको रहेको भण्डारीले जानकारी दिनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार भारतबाट नेपाल प्रवेश गरेका चार जना स्वेच्छाले वैशाख २० गते प्रादेशिक अस्पताल जनकपुरको आइसोलेसन वार्डमा स्वास्थ्य चेकजाँचका लागि भर्ना हुनु भएको छ ।
भारतको नर्मदा बिहार मुजफ्फरपुरमा काम गरिरहेका चार जना नेपालीलाई कामबाट निकालिएपछि उहाँहरू भारतमै अलपत्र परेर पाँच दिनको पैदल यात्रा गरि नेपाल भारत सिमाको चोरबाटो हुँदै जनकपुरको रामानन्द चोक आइपुगेको हुन् । रामानन्द चोक पुगेर प्रहरीको सम्पर्कमा आएपछि उहाँहरूको स्वास्थ्य जाँचका लागि प्रहरीको सहयोगमा अस्पताल लगेर भर्ना गराएका छन् ।
भारतबाट आएर आइसोलेशन वार्डमा भर्ना हुनेहरूमा धनुषाको सबैला नगरपालिका-१३ ढोलबज्जा पर्साहीका ४२ वर्षीय रामअशिष महतो, ४० वर्षीय जवाहरलाल महतो, ३० वर्षीय जानिफ राइन र ४० वर्षीय तिर्थलाल महतो रहेका छन् । उहाँहरू कामको सिलसिलामा करिब २ महिना अगाडि भारत नर्मदा बिहार मजफ्फरपुर पुगेका थिए । तर, केहि दिन नबित्दै विश्वमै महामारीको रूपमा फैलिएको कोराना भाइरसका कारण भारतमा लकडाउन भएपछि सबै जनाको काम बन्द भएको थियो ।

भारतबाट नेपाल प्रवेश गरेका चारै जनालाई अहिले पीसीआर परीक्षणको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रामेश्वर कार्कीले बताउनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार परीक्षण रिपोर्ट नगेटिभ आएका रौतहटका दुई युवकको फरक मितिमा घर पठाएइपछि पुनः पोजेटिभको आशङ्कामा उपचारार्थ नारायणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरिएको छ ।
नारायणी अस्पतालको आइसोलेशन वार्डमा उपचारपछि कोरोनामुक्त भएका रौतहट, इशनाथ नपा–४ का एक १९ वर्षीय युवकको रिपोर्ट पुनः शङ्कास्पद देखिएको छ भने रौतहटको चन्द्रनिगाहपुर स्थित क्वारेन्टाइनमा १५ दिन बसेर घर फर्केका एक २४ वर्षीय युवकको गत वैशाख १६ गते पुनः कोरोना भाइरसको सङ्क्रमण देखिएको हो । दुबै युवकलाई यतिखेर उपचारको लागि नारायणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरिएको छ ।
भारतबाट घर फर्केपछि गत वैशाख १ गते नारायणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना भएपछि रिपोर्ट नेगेटिभ देखिएपछि गत वैशाख १४ गते घर फर्काइएको थियो तर एक साता बित्न नपाउँदै पुनः वैशाख २० गते कोरोना भाइरसको सङ्क्रमण देखिएको आशङ्का गर्दै नारायणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरिएको छ । वैशाख १० र १३ गते इशनाथ नगरपालिकाको ती युवकको दुई पटकको परीक्षणमा कोभिड –१९ परीक्षण नेगेटिभ आएपछि घर फर्काइएको थियो । यस्तै चैत २२ गते चन्द्रपुर नगरपालिका–६ स्थित क्वारेन्टाइनमा बसेर गएको वैशाख ६ गते घर फर्केको १० दिन पछि बृन्द्रावन नगरपालिका–६ निवासी ती २४ वर्षीय युवकको नतिजा पोजेटिभ देखिएको भन्दै उहाँलाई नारायणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरिएको छ ।
एक सातामै परीक्षण दुई किसिमको आउन थालेपछि स्थानीय अचम्मित भएका छन् । यस विषयमा जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत किरणनिधि तिवारीसँग कुराकानी गर्दा नारायणी अस्पताल बीरगंजले डिस्चार्ज पछि पुनः कोरोना पोजेटिभको आशङ्कामा कोभिड–१९ का लागि खटिएका डाक्टरहरूको टोलीले वैशाख २० गते घरबाट लिएर गई नारायाणी अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरिएको बताउनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार करैयामाई गाउँपालिका-५ तेतरियामा वैशाख २१ गते कोभिड-१९ रोग नियन्त्रण र रोकथाम गर्न नेपाल सरकारले घोषणा गरेको लकडाउन बन्दलाई सफल पार्नका लागि वडा अध्यक्ष उमेश चौधरीको अध्यक्षतामा २५ सदस्यीय अनुगमन समिति गठन गरेको वडा अध्यक्ष चौधरीले बताउनु भएको छ । उहाँले अनुगमन समिति तेतरीया बजारमा लाग्दै आएको हाट बजार लकडाउन अबधिभरी बन्द गर्ने निर्णय गरेको बताउनु भयो । उहाँले आवागमनका लागि बाइपास सडक सञ्चालन गर्ने र गाउँको मुख्य सडक बन्दगरी भिड कम गर्ने निर्णय गरेको बताउनु भयो । उहाँले किराना पसलहरू विहान सात बजेदेखि १० बजेसम्म र बेलुका चार बजेदेखि ८ बजेसम्म खोल्ने निर्णय भएको बताउनु भयो । उहाँले होटल र मादकपदार्थ पसलहरू लकडाउन अबधिभरी बन्द गर्ने र माछा मासु बजारमा बिक्रीवितरण नगर्ने बतउनु भएको छ । उहाँले लकडाउन उल्लङ्घन गर्नेलाई कानुन अनुसार कडा कारवाही गर्ने सार्वजनिक भेला गर्न नपाउने, जुवा-तास, क्यारम्बोर्ड खेल्न नपाउने निर्णय गरेकाले कार्यान्वयन गर्ने बताउनु भयो ।
त्यसैगरी, कलैया उमनपा-१ कलैया बजारमा वैशाख २१ गते जिल्ला प्रशासन कार्यालय, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), उपभोक्ता मञ्च, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरी कार्यालयको

टोलीले उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार बजार अनुगमन निरीक्षण गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम खड्काले बताउनु भएको छ ।

कोरोना भाइरस कोभिड-१९ रोकथाम गर्न नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण उपभोक्ता संरक्षण ऐनको उल्लङ्घन भएको गुनासो आएकाले बजार अनुगमनलाई निरन्तरता दिएको सूचना अधिकारी खड्काले बताउनु भयो ।

अनुगमन गर्दा कर दाखिला नभएको, व्यवसायको नाम सबैले देख्ने गरी नराखेको जिल्ला प्रशासन कार्यालयका निरीक्षण अधिकृत गोपालकुमार केशरीले बताउनु भयो । उहाँले ओम किराना पसलले फागुन २२ गतेदेखि बिल नकाटेकाले बिल काट्नका लागि सुझाव दिएको र दास किराना पसलले १ सय ११ रुपियाँमा खरिद गरेको दाल १ सय २५ रुपियाँमा बिक्री गरेको देखिए पनि बिक्री गरेको बिल ग्राहकलाई नदिएकाले बिल दिनका लागि सचेत गराएको केशरीले बताउनु भयो । उहाँका अनुसार बिग बजार एण्ड डिपार्टमेन्ट स्टोरले मुल्य सूचि नराखेको, बिक्री बिल नराखेकाले १ हजार जरिवाना गरी ग्राहकलाई बिक्री बिल दिन र मुल्य सूचि पसलमा राख्न सुझाव दिएको बताउनु भयो । अनुगमन टोलीमा उपभोक्ता मञ्च बाराका अध्यक्ष प्रवेश चौधरी, घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत उपेन्द्र यादव, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल र जिल्ला प्रहरी कार्यालयका असई सुजित कुमार सिंह लगायत रहनु भएको सूचना अधिकारी खड्काले बताउनु भयो ।

कोरोना भाइरस (कोभिड-१९) का बिरामीहरूको उपचारका लागि प्रदेश २ सरकारले कलैया अस्पताललाई कोरोना विशेष अस्पताल निर्माण गर्ने निर्णयको विरोधमा संयुक्त स्वास्थ्य युनियनका अध्यक्ष कुरानअली ठकुराई, मधेसी स्वाथ्यकर्मी फोरम नेपाल बाराका अध्यक्ष शशिकान्त कुमार, नेपाल स्वास्थयकर्मी सङ्घ नेपाल बाराका उपाध्यक्ष राजकिशोर यादव र कलैया अस्पताल विकास समितिका कर्मचारी युनियन अध्यक्ष प्रदिप यादवले वैशाख २१ गते संयुक्त विज्ञप्ती जारी गरी गम्भिर ध्यानाकर्षण भएको बताउनु भएको छ ।

उहाँहरूले कलैया अस्पतालमा जिल्लाका विभिन्न ठाँउबाट गरिब असहाय अति विपन्नहरूको उपचार लगायत खोप सेवा, प्रसुति सेवा सञ्चालनमा बाधा अवरोध पुग्ने र कोरोना भाइरसको जोखिम बढ्ने भएकोले कलैया अस्तालमा कोरोना विशेष अस्पताल निर्माण नगर्नका लागि माग गरेको दाबी गर्नु भएको छ । उहाँहरूले अन्य स्थानमा कोरोना अस्पताल बनाउन माग गर्नु भएको छ ।

कलैया अस्पतालमा मेसु सहित एक जनाको पनि दरबन्दीको चिकित्सक नरहेकाले अविलम्ब व्यवस्था गर्न माग गर्नु भएको छ । स्वास्थयर्मीहरूलाई सुरक्षा सामग्री उपलब्ध गराउन समेत माग गर्नु हुँदै उहाँले जिल्लाको दुई स्थानमा कोरोना भाइरसको सङ्क्रमित देखिएकाले पुर्ण रूपमा लकडाउनको पालना गर्न, समाजिक दुरी कायम गर्न, साबुन पानीले पटक पटक हात धुन र मास्क लगाउन अपिल गर्नु भएको छ ।

त्यसैगरी, मेरो माइक्रोफाइनान्स लघु वितिय संस्थाले सिम्रौनगढ नगरपालिकाले सञ्चालन गरेको क्वारेन्टाइनमा बसेका नागरिकलाई खाना खर्चको लागि २५ हजार रुपियाँ सहयोग गर्ने क्रममा संस्थाको तर्फबाट रामकिशोर प्रसाद कुशवाहाले सिम्रौनगढ नगरपालिकाकी नगर उपप्रमुख रिमादेवी कुशवाहालाई सहयोग रकम प्रदान गर्नु भएको छ ।

यसैगरी, नेकपाका नेता तथा संविधान सभाका पूर्व सदस्य जयराम दाहालको पहलमा जितपुरसिमरा उमनपालाई वैशाख २१ गते स्वास्थ्य सामग्री हस्तान्तरण गरेको दाहालले बताउनु भएको छ । दाहालले जितपुर सिमराका नगर प्रमुख कृष्ण पौडेललाई २० ओटा पीपीइ सेट, ग्लोव्स, मास्क र सेनिटाजर लगायतका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको नेकपाका केन्द्रीय सदस्य दिनेश राईले बताउनु भयो ।

जिल्ला अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठ, जितपुरसिमरा उपमहानगरपालिकाकी उपप्रमुख सरस्वतीदेवी चौधरी, ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख कृष्ण गैरे, ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख गोबिन्द पुरीले नगरका स्वास्थ्य समस्या र लकडाउन सफल पार्नका लागि अनुरोध गरेको नेकपाका नेता राजन पौडेलले बताउनु भयो ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार पटेर्वासुगौली गाउँपालिको निचुटमा रहेको क्वारेन्टाइनमा वैशाख २० गते ६ जना थपिएका छन् । पर्साको भिस्वा र जानकी टोला नाका भएर उनीहरू घर फर्किएका थिए ।
लकडाउनको समयमा जो जुन सुकै देशका नागरिक भएपनि उनीहरू जाहा छन् त्यही बस्ने दुई देशीय समझदारीको प्रतिकूल हुने गरि भारतीय सुरक्षकर्मीले उनीहरूलाई नेपाल प्रवेश दिएको हो । सीमामा भारतीयले आफ्नो मुलुकमा छिर्न खोजनेलाई मात्र कडाई गर्ने गरेको तर नेपाल आउन चाहनेहरूलाई सहज आउन दिएको छ ।
सीमाको यही सहजताका कारण घर फर्किएका उनीहरूलाई गाउँपालिका स्वास्थ्य शाखाका पदाधिकारीहरूले थाहा पाएपछि स्थानीय मार्फत् बाटोबाटै क्वारेन्टाइनमा पुऱ्याइएको हो । ग्रामीण क्षेत्रहरूमा लकडाउन फितलो भएपछि भारतबाट नेपाल भित्रिने क्रम रोकिएको छैन ।
पर्साको दशगजामा नेपाली सुरक्षाकर्मीको सङ्ख्या थोरै रहेको र भारतीय सीमा सुरक्षा बलले नेपालबाट भारततर्फ जानेलाई मात्र कडाइ गरिरहेको सीमावर्ती क्षेत्रका बासिन्दाहरूको भनाइ छ ।
भारतीय क्षेत्रबाट हरियो तरकारी एवम् तस्करीका सामानहरू नेपाल भित्रिने क्रम पनि बढेको छ । एक साता यतादेखि नेपालका बासिन्दाहरू आफैं गएर भारतीय क्षेत्रबाट सामान ल्याउन थालेका छन् । सम्पर्कमा भएका व्यापारीलाई भारतीय सीमा सुरक्षा बलले पनि निश्चित समय भित्र नेपाल फर्कि सक्नुपर्ने शर्त तथा मिलेमतोमा छाड्ने गरेको नेपालतर्फ सीमामा तैनाथ सशस्त्र प्रहरीका एक अधिकारीले बताउनु भएको छ ।
सीमाबाट मानिस आउनेजाने क्रम विशेषगरी रातिको समयमा हुने र दिउँसो आवतजावत गर्दा पनि आसपासमा प्रहरी भए नभएको कुरा मोबाइल सम्पर्कबाट सुराक लिने भएकाले नियन्त्रणमा प्रहरीलाई गाह्रो भएको अधिकारीको भनाई छ ।
त्यसैगरी, नारायणी अस्पतालमा सञ्चालित कोभिड अस्थायी अस्पताल अन्यत्र सार्न माग गर्दै नेपाली काँग्रेस पर्साले वैशाख २१ गते बीरगंजमा प्रदर्शन गरेको छ । ०७६ चैत ३० गते बीरगंजमा तीन जना भारतीय नागरिकमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि सङ्घीय सरकारले नारायणी अस्पताललाई नै कोरोना उपचारको लागि लेभल २ अस्पतालको रूपमा घोषणा गरेको थियो ।
स्थानीय प्रशासन र स्थानीय सरकारले बीरगंज हेल्थ केयर अस्पताललाई मासिक डेढ करोड रुपियाँ भाडा दिएर कोरोना अस्थायी अस्पताल सञ्चालन गर्ने निर्णय भएको थियो ।
प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले पनि तुरून्त सम्झौता गर्न बीरगंज महानगर प्रमुखलाई आफ्नो सहमती दिएपनि साँझ मुख्यमन्त्री स्वयम्ले सम्झौता गर्नबाट रोकेपछि सङ्घीय सरकारले नारायणी अस्पताललाई कोरोना उपचारको लागि अस्थायी अस्पताल घोषणा गरेको हो । अहिले त्यही अस्पताललाई पूर्ववत रूपमा सञ्चालनमा ल्याउन माग गर्दै सामाजिक सञ्जालमा अभियान चलेको छ । राजनीतिक दलहरू विज्ञप्ति जारी गर्न होडवाजी गर्दैछन् ।
आज नेपाली काँग्रेस सडकमा उत्रिएको छ । मालपोत कार्यालय अगाडिको रोड देखि विर्ता मन्दिर सम्मको रोडमा काँग्रेसका नेता तथा कार्यकर्ताहरू निस्केर प्रदर्शन गरेका हुन् । लकडाउनमा भएको

शान्तिपूर्ण प्रदर्शनमा सहभागिहरूले विभिन्न नारा लेखिएको प्ले कार्डसहित नारायणी अस्पतालमा पुनः स्वास्थ्य उपचार सुरू गर्न माग गरेका छन् ।

नारायणी अस्पतालाई कोरोना मुक्त गराऔँ, कोरोना अस्पतालको लागि बैकल्पिक व्यवस्था होस्, नारायणी अस्पताललाई जोगाऔँ, कोरोना अस्पताल अन्त कहीँ व्यवस्था होस्, नारायणी अस्पतालमा जनताको उपचार पुन सुरू होस् भन्ने नारा लेखिएका प्ले कार्ड बोकेर काँग्रेस नेता तथा कार्यकर्ताले एक घण्टा प्रर्दशन गरेका थिए ।

प्रदर्शनमा काँग्रेस पर्साका सभापति अजय द्विवेदी, प्रदेश सांसद राजेश्वर साह, ओमप्रकाश शर्मा, नेता राजेन्द्र बहादुर अमात्य, जनार्दन सिंह क्षेत्री र जिल्ला सचिव श्याम पटेल लगायतको सहभागिता रहेको थियो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**